स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

प.सं: ०८०/८१

च.नं.:

मितिः २०८०/०९/०३

**सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

यस हेलम्बु गाउँपालिकाको देहाय बमोजिमका पदहरु रिक्त भएकाले सेवा करारमा पदपुर्ति गर्नुपर्ने हुँदा तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट माग बमोजिमको कागजात र राजश्व बुझाएको रसिद सहित यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र अर्थात् २०८०/०९/१८ सम्म नियमानुसार दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| क्र.स. | विज्ञापन नं. | पद/तह | माग संख्या | आवश्यक योग्यता | दरखास्त दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | ०९-०८०/८१ | सव-ईन्जिनियर (पाचौं) | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा डिप्लोमा कोर्ष उत्तिर्ण गरेको । | रु.५००/- |
| २. | १०-०८०/८१ | अ.सव.ईन्जिनियर (चौंथो) | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.सव. इन्जिनियरिङ्ग विषयको कोर्ष उत्तिर्ण गरेको । | रु.३००/- |
| ३. | ११-०८०/८१ | ना.प्रा.स. (चौंथो) | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट भेटेरीनरी जे.टि.ए. कोर्ष उत्तिर्ण गरेको । | रु.३००/- |

१. संलग्न गर्नुपर्ने कागजातहरुः
   क. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
   ख. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
   ग. कामको अनुभव खुलेको कागजातहरुको प्रतिलिपि (आवश्यक परेमा)

२. उमेरको हदः १८ वर्ष पुरा भई ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको।

३. दरखास्त बुझाउने स्थान; हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयको नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड किउलमा रहेको हेलम्बु गा.पा. आन्तरिक राजस्व खाताको खाता नं. १७००१४००००००७९ मा रकम जम्मा गरी सक्कल भौचर पेश गर्नुपर्ने छ ।

४. दरखास्त फारम पाइने स्थानः हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयको वेवसाइट https://helambumun.gov.np/sample-forms वा गाउँ कार्यपालिकाको कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ।

५. दरखास्त दिने स्थानः हेलम्बु गाउँकार्यपालिकाको कार्यालय, हेलम्बु, सिन्धुपाल्चोक वा helamburm@gmail.com मा पनि ईमेल पठाउन सकिने छ।

६. दरखास्त दिने अन्तिम मितिः २०८०/०९/१८ गते कार्यालय समय भित्र। (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सार्वजनिक विदा पश्चात कार्यालय खुल्ने पहिलो दिन।)

७. परिक्षा मितिः संक्षिप्त सूची (Short List) प्रकाशित गर्दा जानकारी गराईनेछ ।

८. छनौटको तरिकाः प्रारम्भिक योग्यताक्रमको सूचीबाट छनौट भएका उम्मेदवारहरुको लिखित र अन्तर्वार्ता लिई अन्तिम योग्यताक्रमको सूची प्रकाशन गरिने छ ।

पुनश्चः थप जानकारीका लागि सम्पर्कः प्रशासन शाखा/पशु विकास शाखा (९८४९९१२६०२/९८६४६८४६६६)

.............................
राजुभाइ श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत